जि.प्रशा.का.दर्ता नं. १७१/०८०/८१

"निष्पक्ष जनपक्षीय सवालको निर्भीक आवाज"

# संवाहक

राष्ट्रिय दैनिक Samvahak National Daily

**सूचना**

संवाहक राष्ट्रिय दैनिकको लागि स्तरीय लेख, रचना, फिचर, प्रेस विज्ञप्ति, आदि प्रेषित गर्न चाहनु हुन्छ भने कृपया विज्ञापनको लागि फोन नं.: ९८०६८१४३०२ मा प्रेषित गर्नुहोला।

वर्ष : ४ अंक : ५६ २०८३ साल जेष्ठ २८ गते, बिहीबार Thursday, June.– 11 2026 मूल्य रु. ५/- पृष्ठ : ४

## मटिअर्वा नाकादेखि कलैयासम्म तस्करी सञ्जाल सक्रिय, घुमुवा र स्कटिङ प्रणालीमार्फत असुलीको आरोप

*संवाहक सम्वाददाता-२७ बैशाख, कलैया*

बाराको मटिअर्वा नाका हुँदै हुने अवैध ओसारपसार कलैया बजारसम्म फैलिएको संगठित सञ्जालमार्फत सञ्चालन भइरहेको आरोप स्थानीय स्तरमा उठेको छ। अवैध चिनियाँ फर्सीको बीउ, काजु-किसमिस, कपडा, किराना तथा कबाड जन्य सामग्री निर्बाध रूपमा बाहिरिने र भित्रिँदा राज्यलाई दैनिक लाखौँ रुपैयाँ राजस्व चुहावट भइरहेको छ।



स्थानीयका श्रोतका अनुसार बिहान-बेलुका मोटरसाइकलको लस्कर र रातको समयमा चारपांग्रे सवारीमार्फत सामान सहजै ओसारपसार हुने गरेको छ। ती सामानहरू पछि कलैया बजारका विभिन्न गोदामहरूमा मोटरसाईकल घुमुवा प्रहरीको आँखा अगाडी भण्डारण गरिने गरिएको बताइएको छ। गण्डक नहर, धर्मनगर-पिच सडकमार्ग तथा सहायक बाटाहरू प्रयोग गरी सीमा क्षेत्रबाट सामान निर्बाध रूपमा प्रवेश गराइने गरेको स्थानीयको भनाइ छ।

यसैबीच, कलैया बजार क्षेत्रमा 'घुमुवा' प्रहरीमार्फत तस्करसँग मासिक रूपमा रकम असुली हुने गरेको आरोपसमेत सार्वजनिक भएको छ। स्रोतहरूका अनुसार जिल्ला स्तरदेखि चौकीसम्म विभिन्न ओहदाका प्रहरी परिचालन गर्दै रुट निर्धारण, समय व्यवस्थापन तथा स्कटिङ प्रणालीमार्फत अवैध कारोबार सहज बनाइने गरेको चर्चा छ। घुमुवा र स्कटिङ नेटवर्ककै आधारमा असुली प्रणाली चलिरहेको आरोप स्थानीयमा गहिरिँदै गएको छ।


स्थानीयले यो संरचना व्यक्तिगत स्तरको नभई प्रणालीगत रूपमा सञ्चालन भइरहेको दाबी गर्दै यसले सीमा व्यवस्थापन र राजस्व प्रणालीमै प्रश्न उठाएको बताएका छन्। मटिअर्वा नाकादेखि कलैया

बाँकी तेस्रो पृष्ठमा

## विज्ञापन नीतिविरुद्ध देशभर पत्रकार आन्दोलित, महासंघ अध्यक्ष निर्मला शर्मा नेतृत्वमा आन्दोलन तीव्र

*काठमाडौं, जेठ २७ –*

सरकारी सूचना तथा विज्ञापन वितरणमा देखिएको विभेदकारी नीतिको विरोधमा नेपाल पत्रकार महासंघको अगुवाइमा देशभर पत्रकारहरू आन्दोलित भएका छन्। पर्सासहित मधेशका सबै जिल्लामा धर्ना तथा विरोध कार्यक्रम सञ्चालन गर्दै पत्रकारहरूले सरकारलाई नीति सच्याउन दबाब दिएका छन्।



नेपाल पत्रकार महासंघका अनुसार सरकारी विज्ञापन वितरणमा पारदर्शिता र समानता नहुँदा सञ्चारमाध्यमहरू प्रभावित भएको भन्दै चरणबद्ध आन्दोलन सुरु गरिएको हो। महासंघकी केन्द्रीय अध्यक्ष निर्मला शर्मा स्वयंले आन्दोलनको नेतृत्व गर्दै सबै प्रदेश र जिल्ला शाखालाई सक्रिय हुन आह्वान गरेकी छन्।

मधेश प्रदेशअन्तर्गत पर्सा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिराहा र सप्तरीमा पत्रकारहरूले जिल्ला प्रशासन कार्यालय अगाडि धर्ना दिएका छन्। बारा जिल्लाबाहेक मधेशका अधिकांश शाखाहरूले समानान्तर रूपमा विरोध कार्यक्रम सञ्चालन गरेका छन्। पर्सामा पत्रकार महासंघका अध्यक्ष ओमप्रकाश खनाल, रौतहटमा संजय कार्की, सर्लाहीमा ओमप्रकाश ठाकुरसहित जिल्ला नेतृत्वको सहभागितामा धर्ना कार्यक्रम सम्पन्न भएको थियो। सहभागीहरूले सरकारी विज्ञापन वितरण प्रणालीमा देखिएको असमानता अन्त्य गर्न र सबै सञ्चारमाध्यमलाई समान व्यवहार गर्न माग गरेका छन्। महासंघकी केन्द्रीय अध्यक्ष निर्मला शर्माले

बाँकी तेस्रो पृष्ठमा

## एसईई २०८२ को ग्रेडवृद्धि (पूरक) परीक्षाका लागि बारामा १० परीक्षा केन्द्र निर्धारण

*संवाहक सम्वाददाता-२७ बैशाख, कलैया*

राष्ट्रिय परीक्षा बोर्डले माध्यमिक शिक्षा परीक्षा (एसईई) २०८२ अन्तर्गत ग्रेडवृद्धि (पूरक) परीक्षाको तयारीलाई तीव्रता दिएको छ। यसैक्रममा शिक्षा विकास तथा समन्वय इकाइ बाराले जिल्लाभर सञ्चालन हुने ग्रेडवृद्धि परीक्षाका लागि परीक्षा केन्द्र निर्धारण गरी सार्वजनिक गरेको छ।



सार्वजनिक सूचनाअनुसार बारा जिल्लाका विभिन्न स्थानीय तहमा रहेका १० वटा माध्यमिक विद्यालयलाई परीक्षा केन्द्र तोकिएको छ। ती केन्द्रहरूमा जिल्लाका सामुदायिक तथा संस्थागत विद्यालयका विद्यार्थीहरूले परीक्षा दिनेछन्। नियमित एसईई परीक्षामा अपेक्षित नतिजा हासिल गर्न नसकेका तथा आफ्नो ग्रेड सुधार गर्न चाहने विद्यार्थीहरू ग्रेडवृद्धि परीक्षामा सहभागी हुने व्यवस्था छ।

शिक्षा विकास तथा समन्वय इकाइ बाराका अनुसार निजगढ नगरपालिका-८ स्थित श्री बकैया ठाकुर माध्यमिक विद्यालय, कोल्हवी नगरपालिका-७ ककडी परसौनास्थित श्री जनता माध्यमिक विद्यालय, महागढीमाई नगरपालिका-१० गंजभवानीपुरस्थित श्री भोला माध्यमिक विद्यालय, महागढीमाई नगरपालिका-१ बरियारपुरस्थित श्री गढीमाई महेन्द्र माध्यमिक विद्यालय, प्रसौनी गाउँपालिका-२ स्थित श्री बेंगा साह माध्यमिक विद्यालय, जीतपुरसिमरा उपमहानगरपालिका-५ बकुलियास्थित श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय, कलैया उपमहानगरपालिका-७ बरेवा बैरियास्थित श्री दुर्गा माध्यमिक विद्यालय, कलैया-१ स्थित श्री ३ चन्द्र माध्यमिक विद्यालय, श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय कलैया मदर्सा तथा श्री जनता माध्यमिक विद्यालय भवानीपुर लाई परीक्षा केन्द्रका रूपमा चयन गरिएको छ।

प्रकाशित विवरणअनुसार प्रत्येक परीक्षा केन्द्रमा दर्जनौं विद्यालयका विद्यार्थीहरूको केन्द्र व्यवस्थापन गरिएको छ। केही केन्द्रमा ३ सयभन्दा बढी तथा केहीमा ५ सयभन्दा बढी परीक्षार्थी रहने अनुमान गरिएको छ। विशेषगरी कलैया, जीतपुरसिमरा, प्रसौनी र महागढीमाई क्षेत्रका केन्द्रहरूमा परीक्षार्थीको संख्या उल्लेख्य रहेको देखिन्छ।

सूचनाअनुसार साधारण तथा प्राविधिक धाराका विद्यार्थीहरूलाई समेत समेटेर केन्द्र निर्धारण गरिएको छ। जिल्लाभरका विभिन्न विद्यालयबाट सहभागी हुने विद्यार्थीहरूको संख्याले ग्रेडवृद्धि परीक्षाप्रति विद्यार्थीहरूको चासो र आवश्यकता दुवैलाई उजागर गरेको छ।

शिक्षा क्षेत्रका जानकारहरूका अनुसार ग्रेडवृद्धि परीक्षा विद्यार्थीहरूलाई आफ्नो शैक्षिक उपलब्धि सुधार गर्ने महत्वपूर्ण अवसर हो। नियमित परीक्षामा न्यून ग्रेड प्राप्त गरेका विद्यार्थीहरूले यस परीक्षामार्फत आफ्नो नतिजा सुधार गर्न सक्ने भएकाले यसलाई दोस्रो अवसरका रूपमा लिइन्छ।

शिक्षा विकास तथा समन्वय इकाइ बाराले विद्यार्थीहरूलाई आफ्नो परीक्षा केन्द्र, परीक्षा तालिका तथा प्रवेशपत्र सम्बन्धी जानकारी सम्बन्धित विद्यालयमार्फत समयमै प्राप्त गर्न आग्रह गरेको छ। साथै परीक्षा सञ्चालनका क्रममा राष्ट्रिय

बाँकी तेस्रो पृष्ठमा

## २६.५ टन आँपसहित पिकअप नियन्त्रणमा

*संवाहक सम्वाददाता-२७ बैशाख, कलैया*

बारा प्रहरीले बिलबिजक तथा वनस्पति क्वरेन्टाइन प्रमाणपत्र नभएको ठूलो परिमाणको आँपसहित एक पिकअप गाडी नियन्त्रणमा लिएको छ।



जिल्ला प्रहरी कार्यालय बाराका अनुसार मंगलबार बिहान करिब ७:१५ बजे इलाका प्रहरी कार्यालय अमलेखगञ्जबाट प्रहरी नायव निरीक्षक प्रकाशकुमार खत्रीको कमाण्डमा खटिएको चेकिङ टोलीले जितपुरसिमरा उपमहा नगरपालिका-२१ अमलेखगञ्ज क्षेत्रमा सवारी जाँचका क्रममा उक्त पिकअप नियन्त्रणमा लिएको हो।

सिरहाबाट हेटौंडातर्फ जाँदै गरेको मधेश प्रदेश ०३-००१ च ६७८४ नम्बरको पिकअप गाडी रोकी जाँच गर्दा आवश्यक बिलबिजक तथा वनस्पति क्वरेन्टाइन कागजात नभएको १०६ क्यारेट आँप फेला परेको प्रहरीले जनाएको छ। बरामद आँपको तौल २ हजार ६५० किलोग्राम रहेको र यसको अनुमानित मूल्य २ लाख ६५ हजार रुपैयाँ रहेको छ।

बाँकी तेस्रो पृष्ठमा

## प्रसौनीमा अवैध मलखादको गोदाम फेला, ६ लाखभन्दा बढीको मल बरामद

*संवाहक सम्वाददाता-२७ बैशाख, कलैया*

बारा प्रहरीले कृत्रिम अभाव सिर्जना गर्ने उद्देश्यले गोदाममा लुकाईछिपाई राखिएको नेपाली अनुदानित मलखाद तथा भन्सार छली गरी भित्र्याइएको भारतीय मलखाद बरामद गरेको छ। प्रहरीले प्रसौनी गाउँपालिका क्षेत्रमा सञ्चालनमा रहेका पसल तथा सहकारी संस्थामा छापा मारेर ६ लाख ९ हजार १०० रुपैयाँ बराबरको मलखाद नियन्त्रणमा लिएको जनाएको छ।





जिल्ला प्रहरी कार्यालय बारा र इलाका प्रहरी कार्यालय प्रसौनीबाट खटिएको संयुक्त टोलीले मंगलबार प्रसौनी गाउँपालिका-५ प्रस्टोका क्षेत्रमा गरेको विशेष अनुगमनका क्रममा विभिन्न स्थानबाट अवैध रूपमा भण्डारण गरिएको मलखाद बरामद गरेको हो।

प्रहरीका अनुसार प्रस्टोकास्थित नितिक बीउ भण्डार का सञ्चालक शिवशंकर साहले रामअवध सहनीको घरलाई गोदामका रूपमा प्रयोग गरी २९ बोरा अनुदानित पोटास मल लुकाई राखेको अवस्थामा फेला परेको छ। उक्त मलको अनुमानित मूल्य ४७ हजार ३४२ रुपैयाँ ५० पैसा रहेको प्रहरीले जनाएको छ।

बाँकी तेस्रो पृष्ठमा

"सत्य वस्तुत अन्त सम्म नै सत्य नै रहन्छ !"

- सेक्सपियर

प्रकाशक/सम्पादक
पन्नालाल दास
सम्पर्क नं.:- ९८४५२१७०१९
९८०६८१४३०२

सह-सम्पादक
मुन्ना कुमार

सामाचार सम्पादक
सरोज दास

कानुनी सल्लाहकार
परमहंस केशरी/
श्याम बिहारी कुशवाहा

कम्प्यूटर सेटिङ्ग
म. फरिद

Email: samvahakdaily1@gmail.com
Website: samvahakdaily.com

प्रधान कार्यालय:
कलैया उपमहानगरपालिका
शाखा कार्यालय: कलैया-१, बारा

मुद्रक: शुभ लक्ष्मी अफसेट प्रेस, वीरगंज


## सम्पादकीय ........

# भर्ती प्रक्रिया कि प्रभावको राजनीति ?

प्रादेशिक अस्पताल कलैया, बारामा करार सेवाका लागि सञ्चालन गरिएको पदपूर्ति प्रक्रिया अहिले गम्भीर विवादको केन्द्रमा पुगेको छ। लिखित परीक्षा सम्पन्न भइसकेपछि केही पदको नतिजा सार्वजनिक गर्ने र केही पदको नतिजा अचानक स्थगित गर्ने निर्णयले स्वास्थ्य प्रशासनको पारदर्शिता र विश्वसनीयतामाथि नै प्रश्नचिन्ह खडा गरेको छ।

स्वास्थ्य सेवा जस्तो संवेदनशील क्षेत्रमा जनशक्ति छनोट प्रक्रिया निष्पक्ष, पारदर्शी र समयमै सम्पन्न हुनु अत्यन्त आवश्यक हुन्छ। तर प्रादेशिक अस्पताल कलैयाको पछिल्लो घटनाक्रमले प्रशासनिक निर्णयहरू नियम र प्रक्रियाभन्दा पनि दबाब, प्रभाव र स्वार्थका आधारमा निर्देशित हुन थालेका हुन् कि भन्ने आशंका उत्पन्न गरेको छ। यदि परीक्षा सञ्चालनदेखि मूल्याङ्कनसम्मको सम्पूर्ण प्रक्रिया निष्पक्ष र कानुनी थियो भने नतिजा सार्वजनिक गर्न किन रोकियो ? र यदि प्रक्रियामै त्रुटि थियो भने परीक्षा सञ्चालन गर्नुअघि नै त्यसको समीक्षा किन गरिएन ? यी प्रश्नहरूको स्पष्ट जवाफ सम्बन्धित निकायले दिनैपर्छ। सबैभन्दा चिन्ताजनक पक्ष भनेको जिम्मेवार निकायहरूबीच देखिएको जिम्मेवारी पन्छाउने प्रवृत्ति हो। अस्पताल प्रशासन मन्त्रालयको पत्र देखाउँछ, पदपूर्ति समिति प्रशासनतर्फ औंला ठड्याउँछ, र मन्त्रालय मौन देखिन्छ। यस्तो अवस्थामा वास्तविक जिम्मेवार को हो भन्ने प्रश्न अझ जटिल बन्दै गएको छ। सार्वजनिक निकायहरूबीचको यही अस्पष्टताले नागरिकको विश्वास कमजोर बनाउने काम गर्छ। परीक्षामा सहभागी सयौं उम्मेदवारले समय, श्रम र आर्थिक स्रोत खर्च गरेर प्रतिस्पर्धा गरेका छन्। उनीहरूलाई योग्यताका आधारमा अवसर प्राप्त हुने अपेक्षा थियो। तर नतिजा अनिश्चितकालका लागि रोकिँदा उनीहरूको भविष्य अन्योलमा परेको छ। अझ राजनीतिक पहुँच, समूहगत दबाब वा आफ्ना मानिस भर्ती गराउने प्रयासका चर्चा बाहिरिनु आफैंमा सुशासनका लागि शुभ संकेत होइन। मधेश प्रदेश सरकारले स्वास्थ्य क्षेत्रमा सुधार, सेवा विस्तार र सुशासनको प्रतिबद्धता व्यक्त गर्दै आएको छ। तर यस्ता घटनाले ती प्रतिबद्धतामाथि नै प्रश्न उठाउने काम गर्छन्। स्वास्थ्य संस्थाहरूमा हुने नियुक्ति प्रक्रिया निष्पक्ष र विश्वसनीय नभए त्यसको प्रत्यक्ष असर सेवाको गुणस्तरमा समेत पर्न सक्छ। त्यसैले यस विवादलाई सामान्य प्रशासनिक निर्णयका रूपमा होइन, सार्वजनिक सरोकार र सुशासनसँग जोडिएको विषयका रूपमा हेर्न आवश्यक छ। नतिजा स्थगित गर्नुको वास्तविक कारण सार्वजनिक गरिनुपर्छ, आवश्यक भए स्वतन्त्र छानबिन गरिनुपर्छ र योग्य उम्मेदवारमाथि अन्याय नहुने गरी प्रक्रिया टुंग्याइनुपर्छ। अन्यथा प्रादेशिक अस्पताल कलैयाको यो विवाद केवल एउटा भर्ती प्रक्रिया विवादमा सीमित रहने छैन, यो मधेश प्रदेशको स्वास्थ्य प्रशासनमाथिको जनविश्वास कमजोर बनाउने उदाहरणका रूपमा स्थापित हुनेछ।

# हिमाली पर्यटकको स्वास्थ्य




नेपाल सरकारले आर्थिक वर्ष २०८३/८४ का लागि ल्याएको नीति तथा कार्यक्रम र बजेट वक्तव्यमार्फत उच्च हिमाली चिकित्सालाई प्राथमिकताका क्षेत्रमध्ये एकका रूपमा विकास गर्ने प्रतिबद्धता व्यक्त गरेको छ। हिमाल नेपालको पहिचान, पर्यटन, अर्थतन्त्र र अन्तर्राष्ट्रिय छविसँग प्रत्यक्ष रूपमा जोडिएको विषय भएकाले यो स्वागतयोग्य निर्णय हो तर अबको मुख्य प्रश्न भनेको नेपालले आफ्नो यो प्रतिबद्धतालाई व्यवहारमा कसरी उतार्ने र कहाँबाट सुरु गर्ने भन्ने हो।

यस प्रश्नको उत्तर खोज्दा मुस्ताङ स्वाभाविक रूपमा सबैभन्दा अगाडि देखिन्छ। मुस्ताङ केवल एउटा हिमाली जिल्ला मात्र होइन; यो धार्मिक पर्यटन, साहसिक पर्यटन, सीमापार सम्पर्क, बढ्दो व्यापारिक गतिविधि, अन्तर्राष्ट्रिय आवागमन तथा उच्च हिमाली वातावरणको अद्वितीय सङ्गम पनि हो। मुक्तिनाथ हिन्दु तथा बौद्ध धर्मावलम्बीको विश्वप्रसिद्ध तीर्थस्थल हो। जोमसोम, कागबेनी, मार्फा, ल्होमन्थाङ, दामोदरकुण्ड, थोराङ्ला पास र अप्पर मुस्ताङ विश्वभरका ट्रेकर तथा हिमाली पर्यटकका लागि परिचित गन्तव्य हुन्। कोरला नाकाको विकास र चीनसँगको बढ्दो सम्पर्कले यसको रणनीतिक महत्व झनै बढाइरहेको छ।

केही दशकअघिसम्म अत्यन्त दुर्गम मानिने मुस्ताङ आज सडक र हवाई पहुँचका कारण नेपालकै तीव्र गतिमा विकसित भइरहेका हिमाली क्षेत्रमध्ये एक बनेको छ। यही परिवर्तनले मुस्ताङलाई पर्यटन, व्यापार र विकासको अवसर दिएको छ तर सँगै नयाँ स्वास्थ्य चुनौती पनि देखिएको छ। अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) का अनुसार सन् २०२५ मा मात्रै मुस्ताङमा एक लाख ६१ हजारभन्दा बढी विदेशी पर्यटक पुगेका थिए। जिल्ला प्रहरी कार्यालय मुस्ताङका अनुसार आर्थिक वर्ष २०८०/८१ मा जिल्लामा कुल आगन्तुक सङ्ख्या चार लाख २७ हजार नाघेको थियो। यी तथ्याङ्कले मुस्ताङ अब सीमित पर्यटकीय गन्तव्य नभई राष्ट्रिय महत्वको हिमाली केन्द्रका रूपमा विकसित भइसकेको स्पष्ट सङ्केत गर्छ।

पर्यटकको सङ्ख्या बढ्दै जाँदा उचाइजन्य स्वास्थ्य समस्या पनि बढिरहेका छन्। विशेष गरी धार्मिक पर्यटनको विस्तार र सडक सञ्जालको पहुँचले नयाँ परिस्थिति सिर्जना गरेको छ। विगतमा मानिस क्रमिक रूपमा उचाइ चढ्दै हिमाली क्षेत्रमा पुग्थे। आज पोखरा वा बेनीबाट केही घण्टामै मुक्तिनाथ पुग्न सकिन्छ। शरीरलाई उचाइसँग अनुकूलन हुने पर्याप्त समय नदिँदा स्वास्थ्य जोखिम बढ्नु स्वाभाविक हो। यही कारणले उच्च हिमाली स्वास्थ्य अब केवल चिकित्सकीय विषय मात्र नभई पर्यटन व्यवस्थापन, सार्वजनिक स्वास्थ्य, उद्धार सेवा र राष्ट्रिय नीतिसँग जोडिएको विषय बनेको छ।

मुस्ताङ जिल्ला अस्पतालमा गरिएको र अन्तर्राष्ट्रिय जर्नल पिलोस अन (सन् २०२२) मा प्रकाशित अध्ययनले आपत्कालीन उपचारका लागि आएका बिरामीमध्ये ७४ प्रतिशतमा लेक लाग्ने समस्या पुष्टि भएको देखाएको छ। यो अध्ययनले उचाइजन्य स्वास्थ्य समस्या कुनै सैद्धान्तिक बहस नभई वास्तविक र प्रमाणित सार्वजनिक स्वास्थ्य चुनौती भएको स्पष्ट पार्छ।

यसको अर्को गम्भीर पक्ष मृत्यु तथ्याङ्कमा देखिन्छ। जिल्ला प्रहरी कार्यालय मुस्ताङका अनुसार पछिल्ला पाँच वर्षमा उचाइजन्य समस्याका कारण ५८ जनाले ज्यान गुमाएका छन्। यस वर्षको वैशाख, जेठसम्ममा मुस्ताङमा लेक लाग्ने (हाई अल्टिच्युड सिकनेस) का कारण नौ विदेशी नागरिकसहित १३ पर्यटकको मृत्यु भइसकेको छ। यीमध्ये धेरै जसो मुक्तिनाथ तथा आसपासका क्षेत्रमा पुगेका पर्यटक र तीर्थयात्री थिए। यो सङ्ख्या केवल तथ्याङ्क होइन, यो हाम्रो स्वास्थ्य प्रणालीको एउटा कमजोरीको सङ्केत पनि हो।

अहिले मुस्ताङमा स्वास्थ्यसेवा विस्तार भए पनि उच्च हिमाली क्षेत्रमा आवश्यक विशेष स्वास्थ्य पूर्वाधार अझै अपर्याप्त छन्। धेरै स्थानमा आकस्मिक उपचारका लागि आवश्यक उपकरणको अभाव छ। मुटुको निगरानी गर्ने मोनिटर, पर्याप्त अक्सिजन आपूर्ति प्रणाली, डिफिब्रिलेटर, सक्सन मेसिन तथा अन्य जीवनरक्षक उपकरण सबै ठाउँमा उपलब्ध छैनन्। प्रयोगशाला सेवा पनि सीमित छन्। जटिल रगत परीक्षण, इलेक्ट्रोलाइट परीक्षण, विशेष जैविक/रासायनिक परीक्षण तथा उन्नत इमेजिङ सेवाका लागि अझै पोखरा वा काठमाडौँको भर पर्नुपर्ने अवस्था छ। उच्च उचाइमा देखिने स्वास्थ्य समस्याका लागि आवश्यक विशेष औषधीको उपलब्धता पनि नियमित र पर्याप्त छैन। त्यस्तै विशेषज्ञ जनशक्ति अभावले गर्दा दुर्गम क्षेत्रमा स्वास्थ्यसेवा विस्तार चुनौतीपूर्ण बनेको छ। यस्ता सीमितताका कारण समयमै उपचार नपाउँदा केही बिरामीको अवस्था जटिल बन्ने जोखिम कायम छ।

नेपालले पर्यटनलाई राष्ट्रिय अर्थतन्त्रको प्रमुख आधारका रूपमा लिएको छ। प्रत्येक वर्ष लाखौँ पर्यटक हिमाली क्षेत्रमा पुग्ने लक्ष्य राखिएको छ तर पर्यटनको विस्तारसँगै स्वास्थ्य सुरक्षामा लगानी नगर्ने हो भने दीर्घकालमा यसले चुनौती ल्याउन सक्छ। सुरक्षित पर्यटन आज विश्व पर्यटन उद्योगको प्रमुख आधार बनेको छ। पर्यटकलाई आकर्षित गर्नु जति महत्वपूर्ण छ, उनीहरूको स्वास्थ्य सुरक्षा सुनिश्चित गर्नु पनि उत्तिकै महत्वपूर्ण छ। यही सन्दर्भमा मुस्ताङमा 'हाई अल्टिच्युड मेडिसिन तथा माउन्टेन हेल्थ रिसर्च सेन्टर' स्थापना गर्ने विषय केवल एउटा अस्पताल निर्माण गर्ने प्रस्ताव होइन। यो पर्यटन सुरक्षा, अनुसन्धान, शिक्षा, जनशक्ति विकास, उद्धार क्षमता अभिवृद्धि तथा राष्ट्रिय प्रतिष्ठासँग जोडिएको दीर्घकालीन रणनीतिक कार्यक्रम हुन सक्छ।

मुस्ताङलाई आधार बनाएर नेपालमै पहिलो पटक 'डिप्लोमा इन माउन्टेन मेडिसिन' कार्यक्रम सञ्चालन गर्ने सम्भावना बलियो देखिन्छ। यस कार्यक्रममार्फत चिकित्सक, नर्स, स्वास्थ्यकर्मी, उद्धारकर्मी, ट्रेकिङ गाइड, पर्वतारोहण सहयोगी तथा संरक्षण क्षेत्रमा कार्यरत जनशक्तिलाई विशेष तालिम दिन सकिन्छ। यसले उच्च हिमाली क्षेत्रमा काम गर्ने व्यक्तिहरूको दक्षता बढाउनुका साथै दुर्घटना तथा स्वास्थ्य जोखिम घटाउन मद्दत पुर्‍याउने छ। मुस्ताङमा राष्ट्रियस्तरको अनुसन्धान तथा उपचार केन्द्र स्थापना गर्न सकियो भने यसले नेपाललाई उच्च हिमाली स्वास्थ्य विज्ञानको अन्तर्राष्ट्रिय केन्द्रका रूपमा स्थापित गर्न मद्दत पुर्‍याउन सक्छ। जलवायु परिवर्तन, हिमाली समुदायको स्वास्थ्य, उचाइजन्य रोग, चिसो वातावरणका असर, हिमाली उद्धार तथा आपत्कालीन चिकित्सा जस्ता विषयमा विश्वस्तरीय अनुसन्धान गर्न सकिने छ।

मुस्ताङको सबैभन्दा ठुलो विशेषता यसको भौगोलिक विविधता हो। जोमसोमदेखि मुक्तिनाथ, ल्होमन्थाङ, कोरला र थोराङ्लासम्म फैलिएको उचाइ विविधताले विभिन्न उचाइमा मानव शरीरमा हुने परिवर्तन अध्ययन गर्ने दुर्लभ अवसर प्रदान गर्छ। विश्वका धेरै विकसित मुलुकले यस्ता अध्ययनका लागि कृत्रिम वातावरण निर्माणमा ठुलो लगानी गरिरहेका छन्। नेपालसँग भने प्रकृतिले दिएको वास्तविक अनुसन्धानशाला उपलब्ध छ।

यो केन्द्रको महत्व मुस्ताङमै सीमित रहने छैन। वास्तवमा यसलाई राष्ट्रिय माउन्टेन मेडिसिन प्रशिक्षण केन्द्रका रूपमा पनि विकास गर्न सकिन्छ। नेपालमा हालसम्म उच्च हिमाली चिकित्सा विषयमा व्यवस्थित तालिम र शैक्षिक संरचना लगभग छैन। त्यसैले यसमा चिकित्सक, नर्स, स्वास्थ्य सहायक, प्यारामेडिक्स, उद्धारकर्मी, ट्रेकिङ गाइड तथा पर्वतीय क्षेत्रमा कार्यरत जनशक्तिका लागि विशेष प्रशिक्षण कार्यक्रम सञ्चालन गर्न सकिन्छ। नेपालमै पहिलो पटक 'डिप्लोमा इन माउन्टेन मेडिसिन' कार्यक्रम सञ्चालन गर्ने आधार पनि यही केन्द्र बन्न सक्छ। त्यसभन्दा महत्वपूर्ण कुरा, यहाँ प्रशिक्षित जनशक्तिलाई देशभर परिचालन गर्न सकिन्छ। सोलुखुम्बु, ताप्लेजुङ, सङ्खुवासभा, मनाङ, डोल्पा, मुगु, हुम्ला, जुम्ला तथा अन्य उच्च हिमाली जिल्लामा माउन्टेन मेडिसिन तालिमप्राप्त स्वास्थ्यकर्मी उपलब्ध गराउन सकिने छ। साथमा यसले नेपालभर उच्च हिमाली स्वास्थ्यसेवाको गुणस्तर सुधार गर्न पनि मद्दत पुर्‍याउने छ।

अर्कोतर्फ अनुसन्धानकर्ता, विद्यार्थी, चिकित्सक तथा विदेशी विशेषज्ञहरूको आगमनले स्थानीय अर्थतन्त्रमा समेत टेवा पुग्ने छ। होटेल, यातायात, कृषि उत्पादन, स्थानीय सेवा तथा ज्ञानमा आधारित अर्थतन्त्रका नयाँ अवसर सिर्जना हुने छन्। दीर्घकालमा मुस्ताङ 'हिमाली स्वास्थ्य अनुसन्धान पर्यटन' को केन्द्रका रूपमा समेत विकसित हुन सक्छ।

अब सरकारले उच्च हिमाली चिकित्सालाई राष्ट्रिय प्राथमिकताका रूपमा अघि बढाउने हो भने मुस्ताङ सबैभन्दा उपयुक्त प्रारम्भिक केन्द्र बन्न सक्छ। यसका लागि सङ्घीय सरकार, गण्डकी प्रदेश सरकार, स्थानीय तह, विश्वविद्यालय, स्वास्थ्य विज्ञान प्रतिष्ठान र निजी क्षेत्रबिच समन्वय आवश्यक छ। सरकारले विशेष बजेट विनियोजन गरी अनुसन्धान केन्द्र, अस्पताल स्तरोन्नति, तालिम कार्यक्रम तथा उद्धार पूर्वाधार विकासलाई प्राथमिकता दिनु पर्छ। साथै चिकित्सक, नर्स र स्वास्थ्यकर्मीलाई हाई अल्टिच्युड मेडिसिन, कोल्ड इन्जुरी म्यानेजमेन्ट तथा हिमाली आपत्कालीन स्वास्थ्यसेवासम्बन्धी विशेष तालिम उपलब्ध गराउनु पर्छ। नेपाल सरकारले उच्च हिमाली चिकित्सा विकास गर्ने प्रतिबद्धता व्यक्त गरिसकेको छ। अब आवश्यक कुरा त्यो प्रतिबद्धतालाई व्यवहारमा रूपान्तरण गर्नु हो। नीति निर्माण र कार्यान्वयनबिचको दुरी घटाउन सकिएन भने उत्कृष्ट अवधारणा पनि कागजमै सीमित हुने जोखिम रहन्छ। सरकारले आफ्नो बजेट तथा नीतिगत प्रतिबद्धतालाई वास्तविक कार्यक्रमका रूपमा अघि बढाउन चाहन्छ भने मुस्ताङमा राष्ट्रिय 'हाई अल्टिच्युड मेडिसिन तथा माउन्टेन हेल्थ रिसर्च सेन्टर' स्थापना गर्नु दूरदर्शी, व्यावहारिक र समयसापेक्ष निर्णय हुने छ। यसले हजारौँ पर्यटक र स्थानीयवासीको जीवन सुरक्षित बनाउने मात्र होइन; नेपाललाई उच्च हिमाली स्वास्थ्य विज्ञान, अनुसन्धान र जनशक्ति विकासको क्षेत्रमै नयाँ पहिचान दिलाउने आधार पनि तयार गर्ने छ।

# अन्तर्राष्ट्रिय, मनोरञ्जन तथा खेलकुद समाचार

## १२ करोड बराबरको सुन–चाँदी चोरी प्रकरणमा तीन नेपाली पक्राउ

***काठमाडौं/नयाँदिल्ली, जेठ २७ –*** भारतको उत्तर प्रदेशस्थित रामपुर जिल्लामा करिब १२ करोड भारतीय रुपैयाँ बराबरको सुन, चाँदी तथा नगद चोरी गरी नेपालतर्फ भाग्ने तयारीमा रहेका तीन नेपाली नागरिक पक्राउ परेका छन्। पक्राउ परेकामा एक दम्पती र उनकी सालि रहेको भारतीय सञ्चारमाध्यमहरूले जनाएका छन्।



प्रहरीका अनुसार पक्राउ परेकाहरूको साथबाट करिब ७ किलोग्राम सुन, १ किलोग्राम चाँदी र २५ हजार भारतीय रुपैयाँ नगद बरामद गरिएको छ। उनीहरूलाई नेपाल सीमातर्फ पुग्नुअघि रामपुर क्षेत्रमा गरिएको चेकिङका क्रममा नियन्त्रणमा लिइएको हो।

घटना तेलंगानाको साइबराबाद कमिश्नरेटअन्तर्गत गाचीबाउली क्षेत्रमा भएको हो, जहाँ ती तीनै जना नेपाली नागरिक घरेलु कामदारका रूपमा कार्यरत थिए। प्रारम्भिक अनुसन्धानअनुसार उनीहरूले घरधनीको विश्वास जित्दै घरको सुरक्षा व्यवस्था, बहुमूल्य सामान र दैनिक गतिविधिबारे जानकारी संकलन गरेका थिए।

घरधनी परिवार बाहिर गएको मौका पारेर घरभित्र राखिएको ठूलो परिमाणको सुन, चाँदी र नगद चोरी गरेको आरोप उनीहरूमाथि छ। चोरीपछि उनीहरू सम्पर्कविहीन भएका थिए र त्यसपछि तेलंगाना प्रहरीले खोजी सुरु गरेको थियो।

तेलंगाना र उत्तर प्रदेश प्रहरीको संयुक्त अपरेशनपछि नेपालतर्फ भाग्ने क्रममा उनीहरू रामपुरमा पक्राउ परेका हुन्। पक्राउपछि चोरी गरिएको भनिएको सम्पत्ति समेत बरामद गरिएको प्रहरीले जनाएको छ। प्रहरीका अनुसार घटनामा अन्य व्यक्तिको संलग्नता हुन सक्ने आशंकामा अनुसन्धान जारी छ। पक्राउ परेकाहरूको विस्तृत परिचय र पृष्ठभूमि भने सार्वजनिक गरिएको छैन।

## वृन्दावन मेयर कप क्रिकेट प्रतियोगितामा वडा नं. ४ को शानदार जीत,

***प्रदीप सम्राट,रौतहट, जेठ २७ गते,बुधबार*** । वृन्दावन नगरपालिकाको आयोजनामा सञ्चालन भइरहेको नगर स्तरीय मेयर कप क्रिकेट प्रतियोगिता-२०८३ अन्तर्गत आज सम्पन्न रोमाञ्चक खेलमा वडा नं. ४ ले उत्कृष्ट प्रदर्शन गर्दै वडा नं. ५ माथि ३३ रनको प्रभावशाली जित दर्ता गरेको छ।



नगर प्रमुख बिनोद प्रसाद कुर्मीद्वारा उद्घाटन गरिएको यस प्रतिष्ठित प्रतियोगिताले नगरभित्र रहेका खेलाडीहरूको प्रतिभा उजागर गर्नुका साथै युवाहरूमा खेलप्रतिको आकर्षण बढाउने अपेक्षा गरिएको छ। प्रतियोगिताको प्रत्येक खेलमा खेलाडीहरूले उत्साहजनक प्रदर्शन गरिरहेका छन् भने दर्शकहरूको उल्लेखनीय उपस्थितिले प्रतियोगितालाई थप रौनक प्रदान गरेको छ।

खेलकुद संयोजक किशोरी पटेलका अनुसार आजको खेलमा वडा नं. ४ ले टस जितेर पहिले ब्याटिङ गर्ने निर्णय गरेको थियो। निर्धारित ओभरमा संयमित तथा जिम्मेवार ब्याटिङ प्रदर्शन गरेको वडा नं. ४ ले १४ ओभर ४ बलमा सबै विकेट गुमाउँदै १ सय रनको सम्मानजनक योगफल तयार गरेको थियो। वडा नं. ४ का ब्याट्सम्यानहरूले सुरुदेखि नै धैर्यतापूर्वक खेल्दै टोलीलाई प्रतिस्पर्धात्मक स्कोरसम्म पुऱ्याएका थिए।

१०१ रनको लक्ष्य पछ्याउँदै मैदानमा उत्रिएको वडा नं. ५ ले सुरुआती चरणदेखि नै दबाबको सामना गर्नुपरेको थियो। वडा नं. ४ का बलरहरूले कसिलो बलिङ गर्दै विपक्षी टोलीलाई खुलेर खेल्ने अवसर दिएनन्। नियमित अन्तरालमा विकेट गुमाएको वडा नं. ५ को टोली १४ ओभर ३ बलमा अलआउट हुँदै केवल ६३ रनमै सीमित हुन पुग्यो।

वडा नं. ४ का खेलाडीहरूले ब्याटिङसँगै बलिङ र फिल्डिङमा समेत उत्कृष्ट प्रदर्शन गर्दै खेल आफ्नो पक्षमा पार्न सफल भएका थिए। फलस्वरूप वडा नं. ४ ले ३३ रनको महत्वपूर्ण जित हासिल गर्दै प्रतियोगिताको अर्को चरणतर्फ बलियो दाबेदारी प्रस्तुत गरेको छ। आजको खेलमा व्यक्तिगत रूपमा उत्कृष्ट प्रदर्शन गरेका प्रभु पटेललाई "म्यान अफ द म्याच" घोषित गरिएको थियो। उनले आफ्नो उत्कृष्ट खेल कौशलमार्फत टोलीको जितमा महत्वपूर्ण योगदान पुऱ्याएका थिए। म्यान अफ द म्याच घोषित भएका प्रभु पटेललाई आयोजक टोलीका तर्फबाट युवा नेता धर्मेन्द्र पटेलले मायाको चिनो प्रदान गर्दै सम्मान गर्नुभएको थियो।

प्रतियोगिताले वृन्दावन नगरपालिकाभित्र खेल संस्कृतिको विकास, अनुशासन, भाइचारा तथा युवाहरूमा सकारात्मक ऊर्जा प्रवाह गर्ने विश्वास व्यक्त गरिएको छ। आयोजकका अनुसार आगामी दिनमा पनि प्रतियोगिताका थप प्रतिस्पर्धात्मक र रोमाञ्चक खेलहरू सञ्चालन हुनेछन्, जसले खेलप्रेमी दर्शकहरूलाई भरपूर मनोरञ्जन प्रदान गर्ने अपेक्षा गरिएको

## मटिअर्वा...

बजारसम्म फैलिएको यो गतिविधिमा केही प्रभावशाली बिचौलिया तथा कबाड व्यवसायी मोजामिल लगायतका संलग्नता रहेका छन्। यस विषयमा प्रहरी प्रमुखले भने तस्करी र असुलीबारे उठेका आरोपहरू अस्वीकार गरेका छन्। उनका अनुसार सीमावर्ती क्षेत्रमा नियमित चेकिङ, संयुक्त गस्ती र निगरानी कडाइका साथ भइरहेको छ र अवैध सामान फेला परे नियन्त्रणमा लिने कार्य भइरहेको छ। तर स्थानीयस्तरमा सार्वजनिक भएका भिडियो तथा तस्बिरहरूले मोटरसाइकल र सवारीमार्फत सामान ओसारपसार भइरहेको देखाएको दाबी गरिएको छ। यसले सुरक्षा निकायको निगरानी प्रणाली प्रभावकारी नभएको संकेत गरेको भन्दै स्थानीयले गम्भीर प्रश्न उठाएका छन्।

राजस्व चुहावट, संगठित सञ्जाल र असुली प्रणालीको आरोपसँगै मटिअर्वा नाका तथा कलैया बजार क्षेत्रको सीमा व्यवस्थापनमाथि गम्भीर बहस सुरु भएको छ। स्थानीयले उच्चस्तरीय छानबिन गरी तस्करी र अनियमितता नियन्त्रणका लागि कडा कदम चाल्न सरकारसँग माग गरेका छन्।

## विज्ञापन...

सरकारको हालको नीतिले प्रेस स्वतन्त्रतामाथि प्रत्यक्ष असर परेको भन्दै तत्काल सच्याउनुपर्ने बताएकी छन्। उनले माग सम्बोधन नभएसम्म आन्दोलन थप कडा बनाइने चेतावनीसमेत दिएकी छन्। केन्द्रीय सदस्य राजेश कर्णले विभेदकारी विज्ञापन नीति सरकारले अबिलम्ब फिर्ता नलिए घोषित आन्दोलन अझ शसक्त हुने बाताए। केन्द्रीय लेखा संयोजक केसी लामिछानेले सरकारी विज्ञापन नीतिलाई प्रेस स्वतन्त्रतामाथिको हस्तक्षेप भन्दै आलोचना गरेका छन्। नेपाल पत्रकार महासंघ मधेश प्रदेशका अध्यक्ष श्याम बञ्जाराले आन्दोलनमार्फत सरकारलाई नीति सच्याउन बाध्य पारिने स्पष्ट पारेका छन्। पत्रकारहरूले संविधान प्रदत्त प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता सुनिश्चित गर्न, विज्ञापन वितरणमा समानता कायम गर्न र सरकारी तथा निजी सञ्चारमाध्यमबीच भेदभाव अन्त्य गर्न माग गरेका छन्। महासंघले माग पूरा नभएसम्म आन्दोलन जारी रहने जनाएको छ।

## २६.५ टन...

प्रहरीका अनुसार पिकअप गाडीको अनुमानित मूल्य १७ लाख रुपैयाँ रहेको छ। बरामद आँप र गाडीसहित कुल १९ लाख ६५ हजार रुपैयाँ बराबरको सामान नियन्त्रणमा लिइएको हो।

घटनामा संलग्न पिकअप चालक जितपुर सिमरा उपमहानगरपालिका-१६ निवासी २६ वर्षीय विवेक लोप्चनलाई समेत नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ।

बरामद सामान तथा चालकलाई आवश्यक कानुनी कारबाहीका लागि पर्सास्थित वीरगञ्ज भन्सार कार्यालयमा पठाइएको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ।

## एसईई ...

परीक्षा बोर्डले तोकेको आचारसंहिता तथा मापदण्डको पूर्ण पालना गर्न समेत अनुरोध गरिएको छ।

ग्रेडवृद्धि परीक्षा नजिकिँदै गर्दा जिल्लाभरका विद्यालयहरूले पनि विद्यार्थीलाई तयारीमा केन्द्रित हुन तथा परीक्षा व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक समन्वय गरिरहेका छन्। शिक्षा विकास तथा समन्वय इकाइ बारा प्रमुख अशोक रौनियारले परीक्षा शान्तिपूर्ण, मर्यादित र व्यवस्थित ढंगले सम्पन्न गराउन स्थानीय प्रशासन, सुरक्षा निकाय तथा विद्यालयहरूसँग सहकार्य गर्ने जानकारी गराएका छन्।

एसईई २०८२ को ग्रेडवृद्धि परीक्षा हजारौं विद्यार्थीका लागि आफ्नो शैक्षिक भविष्य सुधार गर्ने महत्वपूर्ण अवसर भएकाले विद्यार्थी, अभिभावक तथा विद्यालय समुदायमा यसको विशेष महत्व रहेको देखिन्छ।

## प्रसौनीमा...

त्यसैगरी स्थानीय रबिन्द्र साहद्वारा सञ्चालित बिक्की गल्ला भण्डार बाट ५९ बोरा अनुदानित पोटास मल बरामद गरिएको छ। बरामद मलको मूल्य ९६ हजार ३१७ रुपैयाँ ५० पैसा रहेको छ।

यस्तै रमेश साहद्वारा सञ्चालित महा सरस्वती कृषि सहकारी संस्था लिमिटेड बाट भन्सार छली गरी ल्याइएको २८ बोरा भारतीय युरिया मल, १७ बोरा एमोनियम सल्फेट तथा ८ बोरा नेपाली अनुदानित युरिया मल बरामद गरिएको प्रहरीले जनाएको छ। उक्त मलखादको कुल मूल्य करिब ५० हजार रुपैयाँभन्दा बढी रहेको छ।

प्रहरीले भारतीय युरिया मल बोकेर लैजाँदै गरेको मधेश प्रदेश ०३-००२ च ११८२ नम्बरको ई-लोडरलाई समेत नियन्त्रणमा लिएको छ। ई-लोडरमा १६ बोरा भारतीय युरिया मल फेला परेको थियो। मलखाद र ई-लोडरको संयुक्त अनुमानित मूल्य ४ लाख रुपैयाँ रहेको जनाइएको छ।

बरामद भएका सम्पूर्ण मलखाद, सवारी साधन तथा सम्बन्धित कागजातहरू नियन्त्रणमा लिई थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ। नियन्त्रणमा लिइएको ई-लोडर हाल इलाका प्रहरी कार्यालय प्रसौनीमा राखिएको छ।

कृषि सिजनको समयमा किसानहरूलाई आवश्यक पर्ने मलखाद कृत्रिम अभाव सिर्जना हुने गरी गोदाममा लुकाएर राख्ने तथा भन्सार छली गरी विदेशी मल भित्र्याउने गतिविधिविरुद्ध प्रहरीको निगरानी र कारबाहीलाई निरन्तरता दिइने जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ।

प्रहरीका अनुसार बरामद गरिएको मलखादको कुल अनुमानित मूल्य ६ लाख ९ हजार १०० रुपैयाँ रहेको छ भने घटनासम्बन्धी थप अनुसन्धान जारी भईरहेको बारा प्रहरी नायब उपरिक्षक एवम् सूचना अधिकारी मीन बहादुर घलेले जानकारी गराएका छन्।

## श्रम...

उठेर रोष्ट्रमतर्फ अघि बढेका थिए। उनीहरूले संसदको वेल घेराउ गर्दै चर्को नाराबाजी गरेका थिए। प्रदर्शनका क्रममा सभामुखले साना दलमाथि विभेद गरेको आरोप लगाउँदै विरोध जनाइएको थियो। केही समयको नाराबाजीपछि पनि सभामुखले बैठकलाई निर्धारित कार्यसूचीअनुसार अगाडि बढाएका थिए। संसद सचिवालयका अनुसार विरोधका बाबजुद बैठकका अन्य कार्यहरू नियमित रूपमा सञ्चालन भएका थिए।

यस घटनाले संसदभित्र साना दलहरूको सहभागिता, अभिव्यक्ति अधिकार र समय व्यवस्थापनको विषयलाई पुनः चर्चामा ल्याएको छ। श्रम संस्कृति पार्टीले भने आफ्नो आवाज सुनिने वातावरण नबनेसम्म विरोध जारी रहने संकेत दिएको छ।

## कीर्ते...


राष्ट्रिय पहिचानसँग जोडिएको संवेदनशील विषयमा जनप्रतिनिधि र कर्मचारीकै संलग्नता देखिएपछि घटनाले स्थानीय प्रशासनमाथि गम्भीर प्रश्न उठाएको छ। प्रहरीले दोषी ठहर भएमा नागरिकतासम्बन्धी प्रचलित कानुनअनुसार कडा कारबाही हुने जनाएको छ।

## भारतबाट ५०...

आपूर्तिको अन्तर्राष्ट्रिय चेनमा देखिएको दबाबका बाबजुद भारतसँगको द्विपक्षीय सहकार्यका कारण आपूर्ति सुनिश्चित गरिएको बताएका छन्। यद्यपि तत्काल ठूलो परिमाणमा मल आइपुग्ने अवस्था नभएको र क्रमशः ढुवानीमार्फत आपूर्ति हुने स्पष्ट पारिएको छ।

मन्त्रालयका अनुसार यस आर्थिक वर्षका लागि सरकारले मल आपूर्तिलाई प्राथमिकतामा राख्दै ठूलो बजेट विनियोजन गरेको छ। हाल सरकारी गोदामहरूमा केही परिमाणमा युरिया र डीएपी मौज्दात रहे पनि माग उच्च भएकाले थप आयात अपरिहार्य देखिएको छ। कृषि सामग्री कम्पनीले आवश्यक परिमाणअनुसार थप खरिद प्रक्रिया अघि बढाइरहेको जनाएको छ। सरकारी पक्षले आगामी दिनमा आपूर्ति व्यवस्था अझ सहज बनाउन दुवै देशबीचको समन्वयलाई थप प्रभावकारी बनाइने अपेक्षा गरेको छ।


तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

कलैया उपमहानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

महागढीमाई नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

# श्रम संस्कृति पार्टीको संसदमा हंगामा, वेल घेराउ गर्दै नाराबाजी

*काठमाडौं, जेठ २७ ।*

प्रतिनिधिसभाको बैठक बुधबार केही समय तनावग्रस्त बनेको छ। श्रम संस्कृति पार्टीका सांसदहरूले आफूहरूलाई बोल्ने अवसर नदिइएको भन्दै बैठकमा विरोध जनाउँदै वेल घेराउ गरेका छन्।

बैठक चलिरहेका बेला श्रम संस्कृति पार्टीका अध्यक्ष तथा सांसद हर्क साम्पाङले सभामुख डीपी अर्यालको ध्यानाकर्षण गराउँदै अन्य दलका सांसदलाई धारणा राख्न समय दिइएको भए पनि आफ्नो पार्टीलाई बेवास्ता गरिएको आरोप लगाए। उनले सबै दललाई समान व्यवहार हुनुपर्ने भन्दै आपत्ति जनाएका थिए। साम्पाङको प्रश्नको जवाफ दिँदै सभामुख अर्यालले बोल्न चाहने सांसदहरूको नाम पूर्वसूचीमा नरहेकाले समय उपलब्ध गराउन नसकिएको स्पष्ट पारे। साथै,



बैठकको क्रममा प्रयोग गरिएका केही अभिव्यक्तिहरू संसदीय मर्यादाविपरीत रहेको भन्दै उनले असन्तुष्टि समेत व्यक्त गरे।

सभामुखले मन्त्रीको सम्बोधनका क्रममा समेत निरन्तर अवरोध र विरोध जारी राखिएको उल्लेख गर्दै त्यस्तो अवस्थामा बोल्न समय दिन नसकिने बताएका थिए। उनले संसदको कार्यसूचीलाई प्रभावित हुन नदिन नियमअनुसार बैठक सञ्चालन गरिएको बताए।

तर सभामुखको जवाफप्रति असन्तुष्ट श्रम संस्कृति पार्टीका सांसदहरू आ-आफ्नो स्थानबाट

बाँकी तेस्रो पृष्ठमा

# कीर्ते कागजातमार्फत नागरिकता दिलाएको आरोपमा वडाध्यक्षसहित चार जना पक्राउ

काठमाडौं, जेठ २७ – दाङमा विदेशी नागरिकलाई नेपाली नागरिकता दिलाउन कीर्ते कागजात प्रयोग गरेको आरोपमा एक वडाध्यक्षसहित चार जनालाई प्रहरीले पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय दाङका अनुसार पक्राउ पर्नेमा राजपुर गाउँपालिका-४ का वडाध्यक्ष रामेश्वर यादव (रामेश्वर अहिर), वडा सचिव राजेशकुमार कहार, तत्कालीन कार्यालय सहायक मिना चौधरी र स्थानीय आलम जोल्हा रहेका छन्।

प्रहरी अनुसन्धानअनुसार आलम जोल्हालाई गैरनेपाली नागरिक हुँदाहुँदै पनि झुट्टा विवरण तयार गरी नेपाली नागरिकता दिलाइएको पाइएको छ। उनलाई सनाउल्ला जोल्हाको छोरा देखाएर कीर्ते सिफारिसमार्फत नागरिकता



बनाइएको प्रारम्भिक अनुसन्धानले देखाएको छ। तर सनाउल्ला जोल्हाको पहिले नै मृत्यु भइसकेको तथ्य पनि खुलेको प्रहरीले जनाएको छ। प्रहरीका अनुसार सरकारी कागजात र सिफारिस प्रक्रिया दुरुपयोग गर्दै नागरिकता दिलाइएको आशंकामा थप अनुसन्धान भइरहेको छ। पक्राउ परेकाहरूलाई जिल्ला प्रहरी कार्यालय दाङको हिरासतमा राखेर बयान लिने काम भइरहेको छ।

बाँकी तेस्रो पृष्ठमा

# भारतबाट ५० हजार मेट्रिक टन मल ल्याइदै

काठमाडौं, जेठ २७ – नेपालले भारतबाट ५० हजार मेट्रिक टन रासायनिक मल आयात गर्ने प्रक्रिया अन्तिम चरणमा पुगेको छ। सरकार-सरकार (जी-टु-जी) सम्झौताअन्तर्गत पहिलो चरणमा ३० हजार मेट्रिक टन युरिया र २० हजार मेट्रिक टन डीएपी मल सहुलियत दरमा आपूर्ति हुने भएको हो।

कृषि सामग्री कम्पनी लिमिटेडका अनुसार भारतको राष्ट्रिय केमिकल्स एण्ड फर्टिलाइजर्स (च्क्ृ) सँगको समझदारीअनुसार पर्चेज अर्डर र आपूर्तिसम्बन्धी औपचारिक प्रक्रिया पूरा भइसकेको छ। हाल भुक्तानी प्रक्रिया अन्तिम चरणमा पुगेको र



त्यसपछि मल ढुवानी सुरु हुने तयारी छ। सम्झौताअनुसार पर्चेज अर्डर प्राप्त भएको १२० दिनभित्र सम्पूर्ण मल नेपालमा आइपुग्नेछ। सरकारी अधिकारीहरूले मल

बाँकी तेस्रो पृष्ठमा

# विद्यार्थीको व्यक्तिगत विवरण नदिन देशभरका विद्यालयलाई सरकारको कडा निर्देशन

*काठमाडौं, जेठ २७ –*

सरकारले देशभरका सामुदायिक तथा संस्थागत विद्यालयहरूलाई विद्यार्थीहरूको व्यक्तिगत विवरण अनधिकृत व्यक्ति वा संस्थालाई उपलब्ध नगराउन कडा निर्देशन दिएको छ। शिक्षा तथा मानव स्रोत विकास केन्द्रले जारी गरेको परिपत्रमार्फत विद्यार्थीको गोपनीयता संरक्षण गर्न र सुरक्षित शैक्षिक वातावरण सुनिश्चित गर्न यस्तो व्यवस्था गरिएको जनाएको छ।




केन्द्रले मंगलबार जारी गरेको परिपत्रमा विद्यार्थीको नाम, थर, जन्ममिति, मोबाइल नम्बर, इमेल ठेगाना लगायतका व्यक्तिगत विवरण अभिभावकको पूर्वस्वीकृतिविना कुनै पनि व्यक्ति, संस्था वा कम्पनीलाई उपलब्ध नगराउन स्पष्ट निर्देशन दिएको छ। शिक्षा तथा मानव स्रोत विकास केन्द्रका अनुसार पछिल्लो समय विभिन्न विद्यालयहरूले विद्यार्थीहरूको व्यक्तिगत विवरण शैक्षिक परामर्शदाता संस्था, ट्युशन सेन्टर, भाषा प्रशिक्षण केन्द्र तथा व्यापारिक प्रयोजनका लागि विभिन्न कम्पनीहरूलाई उपलब्ध गराएको भन्दै केन्द्रमा उजुरी र गुनासाहरू प्राप्त भएका थिए। यस्ता गतिविधिले विद्यार्थी तथा अभिभावकमाथि अनावश्यक दबाब सिर्जना गरेको र गोपनीयताको हकसमेत प्रभावित भएको निष्कर्ष केन्द्रले निकालेको छ।

केन्द्रका निर्देशक नीलकण्ठ ढकालद्वारा हस्ताक्षरित परिपत्रमा विद्यार्थीहरूको व्यक्तिगत सूचना संवेदनशील विषय भएकाले त्यसको संरक्षण विद्यालयको जिम्मेवारी भएको उल्लेख गरिएको छ। परिपत्रमा कुनै पनि शैक्षिक, व्यावसायिक वा अन्य प्रयोजनका लागि विद्यार्थीहरूको विवरण साझा गर्दा कानुनी व्यवस्था तथा अभिभावकको सहमति अनिवार्य रूपमा पालना गर्नुपर्ने भनिएको छ।शिक्षा क्षेत्रका सरोकारवालाहरूले समेत यो निर्णयलाई सकारात्मक रूपमा लिएका छन्। पछिल्ला वर्षहरूमा एसईई, कक्षा १२ लगायतका परीक्षाको नतिजा सार्वजनिक भएपछि विभिन्न शैक्षिक परामर्शदाता संस्था, ट्युशन सेन्टर तथा निजी कम्पनीहरूले विद्यार्थी तथा अभिभावकलाई बारम्बार फोन, सन्देश र इमेलमार्फत सम्पर्क गर्ने प्रवृत्ति बढ्दै गएको थियो। यसबाट विद्यार्थीहरूमा मानसिक दबाब सिर्जना हुने गरेको गुनासो पनि आउने गरेको थियो।

केन्द्रले परिपत्रको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न देशभरका स्थानीय तह, शिक्षा विकास तथा समन्वय इकाइ तथा सम्बन्धित निकायहरूलाई समेत आवश्यक निर्देशन पठाइसकेको जनाएको छ। सरकारको यो निर्णयलाई विद्यार्थीको गोपनीयता, सूचना सुरक्षा तथा बालअधिकार संरक्षणतर्फको महत्वपूर्ण कदमका रूपमा हेरिएको छ। यसले विद्यालयहरूलाई विद्यार्थी सम्बन्धी तथ्यांक व्यवस्थापनमा थप जिम्मेवार बन्न र व्यक्तिगत सूचनाको दुरुपयोग रोक्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।

# भारतमा बन्धक बनाइएका १६ नेपाली उद्धारसँगै नेपाल फर्काइदै

बर्दिबास, जेठ २७ – रोजगारीका लागि भारत लगिएका महोत्तरी बर्दिबास नगरपालिका-१४ स्थित मुसहर बस्तीका बालबालिकासहित १६ जना नेपालीलाई बन्धक अवस्थाबाट उद्धार गरी नेपाल फर्काउने प्रक्रिया अघि बढाइएको छ।

पीडितहरू भारतमा श्रम शोषणमा परेर बन्धक बनाइएको अवस्थामा उद्धार टोलीको सम्पर्कमा आएका थिए। त्यसपछि आफन्त इन्डिया, नयाँ दिल्लीस्थित नेपाली दूतावास र महोत्तरी प्रहरीको समन्वयमा उनीहरूको उद्धार सम्भव भएको हो।

इलाका प्रहरी कार्यालय बर्दिबासका डीएसपी गुरु प्रसाद तिमिल्सिनाका अनुसार बन्धक बनाइएका नेपालीहरूलाई सुरक्षित रूपमा उद्धार गरी नेपाल ल्याउने तयारी भइरहेको छ। उद्धार प्रक्रियामा संलग्न टोलीका सदस्य अशोक सादाले भारतीय प्रहरीको सहयोगमा उनीहरूको उद्धार सफल भएको जानकारी दिएका छन्।



उनीहरूलाई कामबापतको ज्याला समेत हिसाब गरी दिलाउने प्रक्रिया अघि बढाइएको बताइएको छ।

पीडितहरूलाई डर, त्रास देखाएर तथा कुटपिट गर्दै बन्धक बनाइएको दाबी गरिएको छ।

पीडितहरूले आफूहरूमाथि भएको दुर्व्यवहारका फोटो तथा भिडियोसमेत परिवारलाई पठाएको जनाइएको छ। त्यसपछि आफन्तहरूले ईलाका प्रहरी कार्यालय बर्दिबासमार्फत भारतीय दूतावासमा उद्धारका लागि निवेदन दिएका थिए।

प्रहरीका अनुसार उनीहरूलाई राम्रो कमाइको आश्वासन दिँदै भारतको हरियाणा राज्यस्थित झज्जर जिल्लाको हेलन गाउँमा रहेको कुखुरा फर्ममा कामका लागि लगिएको थियो। तर त्यहाँ पुगेपछि उनीहरूलाई बन्धक बनाई श्रम शोषण गरिएको आरोप छ।

हाल उद्धार गरिएका सबै १६ जनालाई सुरक्षित रूपमा नेपाल फर्काउने प्रक्रिया अघि बढाइएको छ भने घटनामा संलग्न व्यक्तिहरूको खोजी तथा कानुनी कारबाहीका लागि पनि पहल भइरहेको छ।







